# विस्फोटक पदार्थ नियम,२०२०

नेपाल राजपत्रमा प्रकाशित मिति

| संशोधन | २०२०।०९।२९ |
|---|---|
| १. विस्फोटक पदार्थ (पहिलो संशोधन) नियम, २०७० | २०७०।०१।३० |
| २. विस्फोटक पदार्थ (दोस्रो संशोधन) नियम, २०८० | २०८०।०२।०१ |

विस्फोटक पदार्थ ऐन, २०१८ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छः—

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "विस्फोटक पदार्थ नियम, २०२०" रहेको छ।

(२) यी नियमहरु तरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमाः—

(क) "ऐन" भन्नाले विस्फोटक पदार्थ ऐन, २०१८ सम्झनु पर्छ।

(ख) "अनुसूची" भन्नाले यी नियमहरुको अनुसूची सम्झनु पर्छ।

(ग) "नाइके" (फोरम्यान) भन्नाले आफ्नो मालिकको काम अन्तर्गत कुनै विस्फोटक पदार्थको हेरचाह गर्ने आफ्ना मालिकको अरु कर्मचारीहरुलाई विस्फोटक पदार्थ वितरण गर्ने वा आफैले प्रयोग गर्ने काममा लगाइएको कुनै कर्मचारीलाई सम्झनु पर्छ।

३. **इजाजतपत्रको प्रकार विस्तारः** (१) यस नियम बमोजिम निम्न लिखित ६ प्रकारका इजाजतपत्रहरु दिन सकिने छः—

नेपाल कानून आयोग

(क) "बिक्री गर्ने इजाजतपत्र" पाएका व्यक्तिले विस्फोटक पदार्थ किन्न, राख्न र बिक्री गर्न सक्नेछ।

(ख) "प्रयोग गर्ने इजाजतपत्र" पाएका व्यक्तिले विस्फोटक पदार्थ किन्न, राख्न र आफ्नै लागि प्रयोग गर्न सक्नेछ।

(ग) "नाइके" (फोरम्यान) को इजाजतपत्र पाएका व्यक्तिले इजाजतपत्रवाला मालिकको कामको निमित्त विस्फोटक पदार्थको हेरचाह गर्न, सो मालिकको अरु कर्मचारीहरुलाई विस्फोटक पदार्थ वितरण गर्न वा प्रयोग गर्न सक्नेछ।

तर कुनै इजाजतपत्रवाला नाइकेको प्रत्यक्ष रेखदेखमा विस्फोटक पदार्थ बोक्ने, चलाउने, वसार–पसार गर्ने समेत काममा लगाइएका कामदारहरुले नाइकेको इजाजतपत्र लिन कर लाग्ने छैन।

(घ) "लाबोरेटरीमा विस्फोटक पदार्थ विषय अनुसन्धान गर्न इजाजपत्र" पाएका व्यक्ति वा संस्थाले विस्फोटक पदार्थको परीक्षण गर्न, अनुसन्धान गर्न र त्यस्तो कामको निमित्त चाहिने विस्फोटक पदार्थ किन्न र राख्न सक्नेछ।

(ङ) "पैठारी गर्ने इजाजतपत्र" पाएका व्यक्तिले विस्फोटक पदार्थ पैठारी गर्न र राख्न सक्नेछ।

तर बिक्री समेत गर्न चाहेमा निजले बिक्री गर्ने इजाजपत्र पनि लिनु पर्नेछ।

(च) "परिवहन गर्ने इजाजतपत्र" पाएका व्यक्तिले माथिको खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित इजाजतपत्र पाएका व्यक्तिहरुको लागि विस्फोटक पदार्थ वसार–पसार गर्न सक्नेछ।

तर यस्ता इजाजतपत्रवालाले सम्बन्धित प्रमुख जिल्ला अधिकारी छेउ आफ्नो नाउँ, थर, वतन लेखी दाखिल गरेपछि आफ्नो रेखदेखमा विस्फोटक पदार्थ परिवहन गर्ने काममा लगाइएका व्यक्तिहरुले छुट्टै परिवहनको इजाजतपत्र लिन कर लाग्ने छैन।

(२) कुनै प्रकारका इजाजतपत्रवाला व्यक्तिले आफैले वा आफ्नो कार्यस्थलमा आवश्यक मात्रामा आफ्ना कर्मचारीहरुद्वारा विस्फोटक पदार्थ चलाउन, थन्क्याई राख्न परिवहन गर्न वा गराउन सक्नेछ।

तर जुनसुकै अवस्थामा पनि आफ्ना कुनै इजाजतपत्र वा इजाजतपत्र नभएका कर्मचारीहरुद्वारा गराइएका यस्ता कामहरुको लागि इजाजतपत्रवाला मालिक नै जवाफदेही रहनेछ।

(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारीले इजाजतपत्र दिंदा आवेदकको आवश्यकता र अनुभव अनुसार इजाजतपत्रमा तोकिदिएका परिमाणमा तोकिदिएका किसिमका विस्फोटक पदार्थहरुको लागि लागू हुने गरी दिन सक्नेछ। यस्ता इजाजतपत्र पाएका व्यक्तिले सोही इजाजतपत्रमा लेखिएका विस्फोटक पदार्थको किसिम र परिमाणको सम्बन्धमा कुनै संशोधन गर्न चाहेमा सो चाहेको कुरा र त्यसको कारण समेत खोली नयाँ इजाजतपत्रको सरह दस्तुर राखी आवेदनपत्र दिनुपर्छ।

४. **आवेदनपत्र दिनुपर्ने:** (१) यस नियम बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले अनुसूची—४ मा लेखिए बमोजिमको फाराम भरी सम्बन्धित प्रमुख जिल्ला अधिकारी छेउ आवेदनपत्र दिनुपर्छ।

(२) कुनै व्यक्ति २१ वर्ष उमेर पुगेमा र इजाजतपत्र पाउनको लागि योग्य र विश्वसनीय देखिएमा निजलाई इजाजतपत्र दिन सकिनेछ।

(३) नाइकेको इजाजतपत्रको लागि आबेदनपत्र दिने व्यक्तिले आफ्नो इजाजतपत्रवाला मालिकको सिफारिश समेत आवेदनपत्र साथ पेश गर्नु पर्नेछ।

५. **इजाजतपत्र दिने:** (१) नियम ४ को उपनियम (१) बमोजिम आफूकहाँ पर्न आएको आवेदन पत्रहरु मध्ये नियम ३ को खण्ड (क), (ख), (ग) र (च) मा उल्लिखित प्रकारका इजाजतपत्रका हकमा आवश्यक कुरा जाँचबुझ गर्न केही समयको लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीले निज आवेदकहरुलाई इजाजतपत्र दिन स्थगित गर्न सक्नेछ र सो जाँचबुझको आधारमा प्रहरी प्रतिवेदन तथा आवश्यक परेमा विस्फोटक पदार्थ सम्बन्धी विशेषज्ञको राय समेत लिई आवेदक विस्फोटक पदार्थ सम्बन्धी काम गर्न आवश्यक मात्रामा अनुभवी, लायक र विश्वसनीय छ, छैन विचार गरी इजाजतपत्र दिने नदिने निर्णय

गर्नेछ र नदिने निर्णय भएमा त्यसको सूचना सो आवेदकलाई र गृह मन्त्रालयलाई दिनु पर्नेछ।

(२) नियम ४ को उपनियम (१) बमोजिम आफूकहाँ पर्न आएको आवेदनपत्रहरुमध्ये नियम ३ को खण्ड (घ) र (ङ) मा उल्लिखित प्रकारका इजाजतपत्रको सम्बन्धमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आवेदनपत्र सम्बन्धी आवश्यक सबै कुरा बुझी आफ्नो राय ठहरसाथ निकासाको निमित्त गृह मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पठाउनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम कुनै प्रकारको इजाजतपत्र दिने निर्णय भएपछि सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आवेदकलाई अनुसूची—१ मा लेखिए बमोजिमको इजाजपत्र दिनेछ।

(४) उपनियम (३) बमोजिमको इजाजतपत्र लिनुपर्दा आवेदक आफै गई वा आफ्नो प्रतिनिधि सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अड्डामा पठाई निजको समक्ष आफूले बुझिलिने इजाजतपत्र र सो अड्डामा रहने इजाजतपत्रको अर्धकट्टीमा समेत आफ्नो सहिछाप गरी वा गराई बुझि लिनुपर्छ।

६. **इजाजतपत्रको दस्तूर अवधि र नामसारी:** (१) नियम ५ बमोजिम दिइएको इजाजतपत्र सोही वर्षको चैत्र मसान्तसम्म कायम रहनेछ।

(२) प्रत्येक इजाजतपत्रको निमित्त रु. ३।— दस्तूर लिइनेछ ।

तर नेपाल सरकारबाट स्वीकृत कुनै शिक्षण संस्था वा प्रयोगशालाको लागि दिइने इजाजतपत्रको निमित्त त्यस्तो दस्तूर माफी दिन सकिनेछ।

(३) इजाजतपत्रवालाले कुनै हालतमा पनि आफ्नो इजाजतपत्र अरु कसैलाई पनि नामसारी गरी दिन सक्ने छैन। कसैले पनि कुनै व्यक्तिको इजाजतपत्रको आधार लिई काम गर्न पाउने छैन।

(४) कुनै इजाजतपत्रवालाको मृत्यु भएमा उसको उत्तराधिकारीले र इजाजतपत्रवालाले आफ्नो व्यापारको हक कसैलाई हस्तान्तरित गरी दिएमा यसरी हक पाउने र हक छोड्ने दुबैले सो इजाजतपत्रको लगत रहेको अड्डामा सूचना दिनुपर्छ र हक पाउने व्यक्तिले बाँकी विस्फोटक पदार्थको काम गर्नको लागि नयाँ इजाजतपत्रको लागि तुरुन्त आवेदनपत्र दिनुपछ र निजको नाउँमा इजाजतपत्र दिने नदिने कुरामा नियम ५ बमोजिम हुनेछ।

७. **इजाजतपत्रको रिन्यूयलः** (१) कसैले इजाजतपत्र रिन्यूवल गर्न चाहेमा आफ्नो इजाजतपत्रको अवधि समाप्त नहुँदै लिखित आवेदनपत्र आफ्नो इजाजतपत्रको लगत रहेको अड्डामा दिनुपर्छ। यसरी रिन्यूवल गर्न रु. १।— दस्तूर लाग्नेछ।

(२) कसैले यस नियमको कुनै कुरा उल्लङ्घन गरेमा निजको इजाजतपत्र रिन्यूवल गर्न इन्कार गर्न सकिनेछ।

८. **इजाजतपत्र रद्द गर्न सकिनेः** कुनै इजाजपत्रवालाले ऐनका र सो ऐन अन्तर्गतका नियमहरुको कुनै कुरा उल्लङ्घन गरेमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले निजको इजाजतपत्र रद्द गर्न सक्नेछ।

९. **इजाजतपत्रका प्रमाणित नक्कलहरु दिनेः** (१) कसैले आफ्नो कारबाईको सिलसिलामा आफ्नो इजाजतपत्रको प्रमाणित नक्कलहरु लिन चाहेमा निजले सो चाहेको कारण र चाहेको नक्कलको प्रतिको संख्या समेत खोली इजाजपत्रका लगत रहेको अड्डामा अनुसूची—५ को ढाँचा बमोजिमको आवेदनपत्र दिनुपर्छ।

(२) उपनियम (१) बमोजिमको प्रत्येक प्रमाणित नक्कलको लासिग रु.१।— दस्तूर लाग्ने छ।

१०. **इजाजतपत्रवालाको कर्तव्य र शर्त बन्देजः** (१) इजाजतपत्रवालाले आफ्नो इजाजतपत्रलाई चोरी गरिने, बिग्रिने वा अनधिकृत तवरले त्यसको नक्कल गरिनेबाट बचाउनका लागि हिफाजतसाथ राख्नु पर्नेछ। कुनै इजाजतपत्र बिग्रेमा, हराएमा वा इजाजतपत्रवालाले विस्फोटक पदार्थको काम छोडेमा सो कुराको सूचना सो इजाजतपत्रको लगत रहेको अड्डामा दिनु पर्नेछ।

(२) ऐनमा लेखिएका कुराको अधीनमा रही कसैले इजाजतपत्र हेर्न चाहेमा इजाजतपत्रवालाले आफ्नो इजाजतपत्र देखाउनु पर्नेछ।

(३) ऐनमा लेखिएका कुरा को अधीनमा रही सकैले कुनै विस्फोटक पदार्थ उत्पादन भइरहेको, राखिएको वा प्रयोग भइरहेको ठाउँ वा परिवहन भइराखेको वा लाद्ने

वा गिराउने काम भइराखेको कुनै बोझ बाहकलाई निरीक्षण र जाँचबुझ गर्न आएमा इजाजतपत्रवालाले निजलाई निरीक्षण र जाँचबुझ गर्न दिनु पर्नेछ।

(४) विस्फोटक पदार्थ वा त्यसको प्रयोगले गर्दा भएको कुने विस्फोटक आगलागी वा दुर्घटनाको सूचना सम्बन्धित प्रमुख जिल्ला अधिकारी र सबैभन्दा नजिकैको प्रहरी थानामा तुरुन्त गर्नु पर्नेछ र सो विस्फोटक, आगलागी वा दुर्घटनाको सम्बन्धमा विस्तृत प्रतिवेदन पेश गर्नुको साथै मागिएको अरु आवश्यक वयान समेत दिनु पर्नेछ। यस्ता अधिकारी वा कुनै पनि विस्फोटक पदार्थ निरीक्षकलाई घटनास्थलमा निरीक्षण गर्न र जाँचबुझ गर्न दिनु पर्नेछ।

(५) कुनै मितिमा आफूले पैठारी गरेको, परिवहन गरेको, खरीद गरेको, बिक्री वितरण गरेको वा प्रयोग गरेको र आफूसाथ राखेको विस्फोटक पदार्थको प्रकार र परिमाणको तथा यस्ता विस्फोटक पदार्थहरु कस कसकहाँ र कस कसबाट पैठारी गरेको हो कस कसको र कहाँ कहाँ परिवहन गरी दिएको हो, कस कससँग खरीद गरेको हो, कस कसबाट प्राप्त गरेको हो, कुन कुन काममा प्रयोग गरेको हो र कस कसलाई बिक्री वितरण गरेको वा परिवहनको लागि दिएको हो ती व्यक्तिहरुको नाम, वतन र इजाजतपत्र नम्बर समेत खुलेको विस्तृत यथार्थ लगत राख्नु पर्नेछ ।

(६) उपनियम (५) मा उल्लेख भएको लगतको नक्कल सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष महीना महीनामा पठाउनु पर्नेछ।

(७) कुनै अनधिकृत व्यक्तिले कुनै स्टोरेज म्यागजिनमा गैर कानूनी तवरले प्रवेश गरेमा वा गर्ने प्रयत्न गरेमा वा बिना अख्तियार कुनै विस्फोटक पदार्थ चलाएमा, स्थानान्तर गरेमा वा झिकी लगेमा वा त्यसरी चलाइने, स्थानान्तर गर्ने वा झिकी लैजाने प्रयत्न गरेमा वा कुनै विस्फोटक पदार्थको चोरी वा नोक्सानी भएमा यस्ता कुराहरु सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष तुरुन्त सूचना गर्नु पर्नेछ।

(८) कुनै पनि इजाजतपत्रवालाले मद पिएका वा अरु प्रकारका नशा लागेको वा पूरा होस नभएका व्यक्तिहरु वा विस्फोटक पदार्थ सकुशल चलाउन बाधा पुऱ्याउने किसिमको शारीरिक वा मानसिक विकृति भएका व्यक्तिहरुलाई विस्फोटक पदार्थ चलाउन, परिवहन गर्न, वितरण गर्न वा प्रयोग गर्न वा कुनै म्यागजिनभित्र पस्नु दिन हुँदैन।

११. **विस्फोटक पदार्थको खरीद बिक्रीः** (१) कसैले विस्फोटक पदार्थ पुनः बिक्री गर्न परेमा निजले बिक्री गर्ने लाइसेन्स पनि लिनु पर्नेछ।

(२) विस्फोटक पदार्थ खरीद वा बिक्री गर्दा यसरी खरीद र बिक्री गर्ने दुबैले एक अर्कोलाई आफ्नो इजाजतपत्र देखाउनु पर्नेछ र त्यसरी देखाइएका इजाजतपत्र बहालीमा रहेको र देखाउने व्यक्तिकै हो भन्ने कुरा पक्का गर्नु पर्नेछ।

(३) विस्फोटक पदार्थ बेच्ने व्यक्तिले हरेक बिक्रीको सम्बन्धमा आफ्नो विस्फोटक पदार्थ खरीद गर्ने ग्राहकसँग अनुसूची—३ मा लेखिएको ढाँचाको भरपाई लिनु पर्दछ।

(४) कसैले आफै आई विस्फोटक पदार्थ खरीद गर्न आउने व्यक्तिलाई उसको इजाजतपत्र वा उक्त इजाजतपत्रको प्रमाणित नक्कल हेरी मात्र कुनै विस्फोटक पदार्थ बिक्री गर्न पाइनेछ।

(५) विस्फोटक पदार्थ बेच्ने व्यक्तिले ग्राहकको इजाजतपत्रको प्रमाणित नक्कलको एक प्रति आफ्नो कार्यालयको फाइलमा राखेपछि मात्र डाँकबाट विस्फोटक पदार्थ बिक्री गर्न पाउनेछ।

(६) कसैले घुम्ती बिक्रेताद्वारा विस्फोटक पदार्थ खरीद गर्न चाहेमा निजले उक्त विस्फोटक पदार्थको लागि आदेश दिंदा घुम्ती बिक्रेतालाई आफैं इजाजतपत्र वा इजाजतपत्रको प्रमाणित नक्कल देखाएपछि मात्र विस्फोटक पदार्थ बिक्री गर्न सकिनेछ र सो घुम्ती बिक्रेताले उक्त आदेश आफ्नो मालिक कहाँ पठाउँदा आफूलाई देखाइएका इजाजतपत्रको प्रकार, नम्बर र इजाजतपत्र दिइएको मिति समेतको सूचना गर्नु पर्नेछ।

(७) विस्फोटक पदार्थ प्रयोग गर्ने इजाजतपत्र लिएका कुनै व्यक्तिले नेपाल सरकारको रक्षा मन्त्रालयसँग प्राप्त कुनै विस्फोटक पदार्थ खरीद गर्न चाहेमा सो चाहेको कुरा कहाँ कुन ठाउँमा के कामको लागि प्रयोग गर्न चाहिएको हो र कुन कुन विस्फोटक पदार्थ कति कति मात्रमा चाहिएको हो सो समेत स्पष्ट खोली सम्बन्धित विभाग मार्फत लिखित आवेदनपत्र दिनुपर्छ।

∇११क. **विस्फोटक पदार्थ सापटी लिनदिन वा उपलब्ध गराउन सकिनेः** (१) कुनै आयोजनाले ऐन तथा यस नियम बमोजिम इजाजतपत्र लिई पैठारी गरेको विस्फोटक पदार्थ त्यस्तो

∇ दोस्रो संशोधन द्वारा थप।



नेपाल कानून आयोग

विस्फोटक पदार्थ प्रयोग गर्न ऐन तथा यस नियम बमोजिम इजाजतपत्र प्राप्त गरेको अन्य आयोजनालाई सापटी दिन सक्नेछ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "आयोजना" भन्नाले सडक निर्माण, उर्जा विकास वा विस्फोटक पदार्थ आवश्यक पर्ने अन्य विकास निर्माणसँग सम्बन्धित आयोजना सम्झनु पर्छ।

(२) उपनियम (१) बमोजिम विस्फोटक पदार्थ सापटी लिनदिनको लागि विस्फोटक पदार्थ आवश्यक पर्ने आयोजनाले तत्काल त्यस्तो विस्फोटक पदार्थ पैठारी वा खरिद गर्न सक्ने अवस्था नरहेको र नेपाली सेनाबाट समेत उपलब्ध हुन नसकेको अवस्था हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम एक आयोजनाबाट अर्को आयोजनामा विस्फोटक पदार्थ लिनदिनको लागि दुवै आयोजनाको आपसी सहमति सहित विस्फोटक पदार्थ लिने आयोजना रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिएमा सम्बन्धित जिल्लाको सुरक्षा समितिले त्यस्तो विस्फोटक पदार्थ सापटी लिन सिफारिस गरी विस्फोटक पदार्थ दिने आयोजना रहेको जिल्लाको सुरक्षा समितिमा पठाउनु पर्नेछ र सो जिल्लाको सुरक्षा समितिबाट विस्फोटक पदार्थ सापटी दिने सिफारिस प्राप्त भएमा विस्फोटक पदार्थ लिने आयोजना रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले स्वीकृतिको लागि गृह मन्त्रालयमा पठाउनु पर्नेछ।

तर विस्फोटक पदार्थ सापटी लिनेदिने आयोजना एउटै जिल्लामा भएमा सो जिल्लाको सुरक्षा समितिको सिफारिसको आधारमा प्रमुख जिल्ला अधिकारीले स्वीकृतिको लागि गृह मन्त्रालयमा पठाउनु पर्नेछ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "सुरक्षा समिति" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (७) बमोजिमको जिल्ला सुरक्षा समिति सम्झनु पर्छ।

(४) उपनियम (२) बमोजिम विस्फोटक पदार्थ सापटी लिनदिन सम्बन्धित जिल्लाका सुरक्षा समितिबाट सिफारिस प्राप्त भएमा गृह मन्त्रालयले नेपाली सेनासँग समन्वय गरी त्यस्तो विस्फोटक पदार्थ सापटी लिनेदिने स्वीकृति दिन सक्नेछ।

नेपाल कानून आयोग

(५) उपनियम (४) बमोजिम स्वीकृति भएको आधारमा विस्फोटक पदार्थ सापटी दिँदा तथा सापटी लिएको विस्फोटक पदार्थ फिर्ता गर्दा नेपाली सेनाको प्रत्यक्ष निगरानीमा गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम सापटी लिएदिएको विस्फोटक पदार्थको प्रकार, मात्रा र उपयोगको स्थिति बारेमा नेपाली सेनाले अभिलेख राखी रक्षा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र रक्षा मन्त्रालयले गृह मन्त्रालयलाई त्यस्तो प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

(७) कुनै आयोजनाले ऐन तथा यस नियम बमोजिम इजाजतपत्र लिई खरिद वा पैठारी गरेको कुनै विस्फोटक पदार्थ तत्काल आवश्यक नभएमा वा बढी भएमा त्यस्तो विस्फोटक पदार्थ प्रयोग गर्न इजाजत प्राप्त गरेको आयोजनालाई उपलब्ध गराउन सक्नेछ।

(८) उपनियम (७) बमोजिम अर्को आयोजनालाई विस्फोटक पदार्थ उपलब्ध गराउँदा नियम (३), (४), (५) र (६) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(९) यस नियम बमोजिम विस्फोटक पदार्थ सापटी लिनेदिने, विस्फोटक पदार्थ उपलब्ध गराउने तथा विस्फोटक पदार्थ प्राप्त गर्ने आयोजनाले विस्फोटक पदार्थको प्रयोग, परिवहन, सञ्चय लगायतका विषयमा ऐन, नियम तथा अन्य प्रचलित कानूनमा भएको व्यवस्थाको पालना गर्नु पर्नेछ।

१२. **विफोटक पदार्थको परिवहनः** (१) यस नियम अन्तर्गत परिवहन गर्ने इजाजतपत्र नभएको कुनै पनि व्यक्ति वा कम्पनीले कुनै पनि विस्फोटक पदार्थ परिवहन गर्न पाउने छैन।

(२) परिवहनको लागि सौंपी दिइने कुनै पनि विस्फोटक पदार्थ इजाजतपत्रवालाले परिवहन गर्ने इजाजतपत्र पाएका व्यक्ति वा कम्पनीलाई मात्र सौंपी दिन सकिने।

(३) विस्फोटक पदार्थ परिवहन गर्ने इजाजतपत्रवालाहरुले अरुको विस्फोटक पदार्थ परिवहन गर्नलाई सो विस्फोटक पदार्थ परिवहनको लागि सौंपी दिने र उक्त विस्फोटक पदार्थ कसलाई बुझाइदिने हो ती दुबैको नाम, वतन र इजाजतपत्र नम्बर समेतको जनाउ उक्त परिवहन सम्बन्धी कागजपत्रमा विस्फोटक पदार्थ परिवहनको लागि सौंपी दिने व्यक्तिबाट हस्ताक्षर गराई दिनुपर्छ।

(४) अरुको लागि विस्फोटक पदार्थ परिवहन गरिदिने व्यक्तिहरुले सो विस्फोटक पदार्थ व्यक्तिलाई डेलिभरी दिंदा त्यसको इजाजतत्र हेरी मात्र दिनुपर्छ।

१३. **विस्फोटक पदार्थ थन्क्याई राख्न र स्थानान्तर गर्न चाहिने कुराहरुः** (१) विस्फोटक पदार्थ थन्क्याई राख्न तथा स्थानान्तर गर्न चाहिने आवश्यकताहरु निर्दिष्ट गर्न विस्फोटक पदार्थलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः—

(क) कडा विस्फोटक पदार्थ (हाई एक्स्ल्पोसिव) जस्तैः—

डाइनामाइट, नाइट्रो ग्लिसरिन, टी.एन.टी. जेलीग्नाइट, मर्नक्टनरलाव इत्यादि।

(ख) नरम विस्फोटक पदार्थ (लो एक्स्ल्पोसिसव) जस्तैः— (व्लास्टिङ गन पाउडर, (वारुद) इत्यादि।

(ग) सामान्य विस्फोटक पदार्थः—

(१) डिटोनेटर जस्तैः— व्यास्टिङ्ग क्याप, इलेक्ट्रिक व्लास्टिङ क्याप इत्यादि ।

(२) फ्यूज (सबै किसिमको)।

(२) परिवहन वा चलन वा प्रयोग भइरहेमा वा एक एक दिनको कामलाई चाहिने भन्दा कम परिमाणमा भएको बाहेक कसैले कुनै पनि विस्फोटक पदार्थ उपयुक्त स्टोरेज म्यागजिन (विस्फोटक पदार्थ भण्डार) मा उचित तवरले थन्क्याई राख्नु पर्छ र यस्ता म्यागजिन (भण्डारहरु) मा थन्क्याई राख्ने विस्फोटक पदार्थको प्रकार र परिमाणको विचार राखी सुरक्षित ठाउँमा बलियो किसिमले बनाइएको र राम्रो हावा लाग्ने र उज्यालोको प्रबन्ध समेत भएको हुनुपर्छ।

(३) परिवहन वा चलन वा प्रयोग भइरहेको वा भण्डारमा थन्क्याई राखेको विस्फोटक पदार्थलाई चोरीबाट बचाउन राम्रो रेखदेख गर्नुपर्छ।

(४) विस्फोटक पदार्थ परिवहन गर्ने वा स्थानान्तर गर्ने वा थन्क्याई राख्ने वा प्रयोग गर्ने व्यक्तिहरुले यस्तो काम होशियारी, सावधानी र निर्विघ्न तवरले गर्नुको अतिरिक्त जुनसुकै अवस्थामा पनि साधारण विवेक विचारले लिनुपर्ने अरु बचाउको उपाय समेत गर्नु पर्छ।

(५) विस्फोटक पदार्थ भण्डार रहेको स्थानमा "खतरा विस्फोटक पदार्थ" भनी स्पष्ट लेखिएको चिन्ह सङ्केत राख्नु पर्छ।

(६) कुनै पनि इजाजतपत्रवालाले इजाजतपत्र नभएका कुनै व्यक्तिलाई आफ्नो म्यागजिनमा लगाइएको ताल्चाको साँचो राख्न वा यसै नियम बमोजिम इजाजतपत्र पाएका कुनै इजाजपत्रवालाको साथ बाहेक आफ्नो म्यागजिन (विस्फोटक पदार्थ भण्डार) भित्र पस्न वा विस्फोटक पदार्थ भएका कुनै बक्स टाइप म्यागजिन खोल्न दिन हुँदैन ।

तर एक दिनलाई काम चाहिने परिमाणसम्म विस्फोटक पदार्थ भएको भाँडो खोल्न र सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा अख्तियारवाला व्यक्तिले त्यस्तो अधिकारी पस्ने हकमा यो उपनियम लागू हुने छैन।

१४. **कडा विस्फोटक पदार्थ थन्क्याई राख्नेः** (१) एकसय पच्चीस (१२५) पाउण्ड वा सन्ताउन (५७) किलो वा सो भन्दा बढी मात्राको कडा विस्फोटक पदार्थलाई गोली छिर्न नसक्ने र चोरी वा आगलागी हुन नसक्ने स्थायी म्यागजिनमा थन्क्याई राख्नु पर्छ र सो स्थायी म्यागजिनको बनावट अनुसूची—६ मा लेखिए बमोजिम हुनेछ।

(२) एक सय पच्चीस (१२५) पाउण्ड वा सन्ताउन्न (५७) किलो भन्दा कम मात्राका कडा विस्फोटक पदार्थ उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा वा अनुसूची—७ मा लेखिए बमोजिमको बक्स टाइप म्यागजिनमा थन्क्याई राख्नु पर्छ।

(३) हरेक म्यागजिन बस्ती वा कारखानाबाट कमसेकम ११० मिटर फरक रहेको हुनुपर्छ। त्यस्तो म्यागजिन रहेको गाउँमा आगो निभाउन र दार्म (फायरस पिके) पनि रहनु पर्छ।

१५. **नरम विस्फोटक पदार्थ थन्क्याई राख्नेः** (१) एकसय पच्चीस (१२५) पाउण्ड वा सन्ताउन्न (५७) किलो वा सो भन्दा बढी मात्रामा नरम विस्फोटक पदार्थ पनि नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा थन्क्याई राख्नु पर्छ।

(२) एकसय पच्चीस पाउण्ड (१२५) वा सन्ताउन्न (५७) किलो भन्दा कम मात्राका नरम विस्फोटक पदार्थ नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा वा नियम १४ को उपनियम (२) मा उल्लेख भए बमोजिमको बक्स टाइप म्यागजिनमा थन्क्याई राख्नु पर्छ।

१६. **डिटोनेटरहरु थन्क्याई राख्नेः** (१) पाँच हजारदेखि बढी दश लाखसम्मको डिटोनेटरहरु नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा थन्क्याई राख्नु पर्छ।

(२) पाँच हजारसम्मका डिटोनेटरहरु नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा वा सोही नियमको उपनियम (२) मा उल्लेख भए बमोजिमको बक्स टाइप म्यागजिनमा थन्क्याई राख्नु पर्छ।

तर डिटोनेटरहरु विस्फोटक पदार्थको साथ एकै कोठामा थन्काई राख्न हुँदैन।

१७. **फ्यूज थन्क्याइ राख्नेः** कसैले फ्यूज कुनै विस्फोटक पदार्थ वा डिटोनेटरहरुको साथ कुनै स्थायी म्यागजिन वा बक्स टाइप म्यागजिनमा वा चोरीबाट बचाउन राम्रो ताला लगाएको कुनै भाँडो वा कोठामा थन्क्याई राख्न सकिनेछ।

१८. **विस्फोटक पदार्थ थन्क्याउने सम्बन्धमा संशोधन गर्नेः** कुनै इजाजतपत्रवालाले आफ्नो इजाजतपत्रको सम्बन्धमा नियम १३, १४, १५ र १६ मा उल्लेख भएका कुनै कुराको संशोधन गर्न चाहेमा सो संशोधन गर्न चाहेका कुरा त्यसको कारण स्पष्ट खोली सम्बन्धित प्रमुख जिल्ला अधिकारी छेउ लिखित आवेदनपत्र दिनुपर्छ। यस्तो संशोधन गर्न समुचित र मनासिब भएमा र संशोधन गर्नाले सार्वजनिक सुरक्षा तथा हितमा धक्का नलाग्ने देखिएमा नेपाल सरकारले सो संशोधन गरिदिन सक्नेछ।

१९. **इजाजतपत्र दिने अधिकारीको कर्तव्यः** (१) सम्बन्धित प्रमुख जिल्ला अधिकारीले यस नियम अन्तर्गत आफूले दिएको इजाजतपत्रहरुको यथार्थ लगत राख्नु पर्दछ र समय समयमा गृह मन्त्रालयबाट मागे बमोजिमको प्रतिवेदन पेश गर्नुपर्छ।

(२) कसैले नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझबाहक वा त्यसको आसपास बाहेक अन्यत्र विस्फोटक पार्थ संलग्न कुनै विस्फोटन, आगलागी वा दुर्घटना भएको सूचना दिएमा वा आफूले थाहा भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सो विस्फोटक, आगलागी वा दर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो जाँचबुझबाट देखिन आएको दुर्घटनाको कारण र परिस्थिति समेत खोली र त्यस्ता

दुर्घटनाहरु अबदेखि कसरी रोक्न सकिन्छ भन्ने आफ्नो सिफारिस र सुझाव भए त्यो पनि खोली नेपाल सरकारमा लिखित प्रतिवेदन पेश गर्नुपर्छ।

(३) ऐन वा सो ऐन अन्तर्गतको नियमको बर्खिलाप कुनै ठाउँ वा बोझबाहकमा कुनै विस्फोटक पदार्थ राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भएको भन्ने विश्वास हुने मनासिब माफिकको कारण सहित थाहा भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आफैं गई वा कुनै व्यक्तिलाई पठाई सो ठाउँ वा बोझबाहक निरीक्षण, जाँचबुझ र खोजतलाशी गर्न गराउन र त्यस्ता विस्फोटक पदार्थ फेला परेमा त्यस्तालाई कब्जा गर्नु र रोक्का गर्नु गराउनु पर्छ।

२०. **निरीक्षण गर्ने व्यक्तिको काम कर्तव्य:** (१) ऐनको अधीनमा रही कुनै व्यक्तिले विस्फोटक पदार्थको निरीक्षण गर्दा गराउँदा विस्फोटक पदार्थलाई गैरकानूनी तवरले प्रयोग गरिनेबाट बचाउन र त्यसको उचित प्रयोग गर्नमा शुरुदेखि अन्तिम प्रयोगसम्म बारम्बार रेखदेख गर्न गराउनु पर्छ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्ने व्यक्तिले विस्फोटक पदार्थको चोरी त्यस्तो वस्तु वा त्यसको प्रयोगसित सम्बन्ध भएको कुनै अपराध, इजाजतपत्र लिन र सो लिएपछि त्यसको प्रयोगमा कुनै छलकपट भएमा वा शङ्का भएमा सो समेत जाँचबुझ गरी त्यस्ता कुराहरु कसरी रोक्न सकिन्छ त्यसको सुझाव समेत दिनुपर्छ।

(३) विस्फोटक पदार्थ सम्बन्धी कुनै कुरामा तत्काल कुनै रेखदेख, पक्राउ वा अन्य प्रहरी कारवाई गर्न आवश्यक लागेमा त्यस्तो निरीक्षण गर्ने व्यक्तिले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन दिनुपर्छ।

२१. **खानी, क्वारी वा अरु उद्योगमा विस्फोटक पदार्थको प्रयोग:** (१) विस्फोटक पदार्थ प्रयोग गर्ने हरेक खानी, क्वारी वा अरु उद्योगका धनी वा मालिक वा सञ्चालकहरुले कुनै विस्फोटक पदार्थ आफ्नै खानी, क्वारी वा उद्योगमा आफ्नै कर्मचारीहरुद्वारा प्रयोग गर्ने भए प्रयोग गर्ने इजाजतपत्र र आफ्ना हाराहारीका खानी वा उद्योगलाई चाहिएको बखत बिक्री गर्ने भए बिक्री गर्ने इजाजतपत्र पनि लिनु पर्नेछ।

(२) हरेक म्यागजिन एक योग्य (फोरम्यान) नाइकेको जिम्मामा हुनुपर्छ र यस्तो (फोरम्यान) नाइकेको आफ्नो पालो सकिएपछि अर्को पालोको नाइकेले (फोरम्यानले) विस्फोटक पदार्थको स्टक र लगतहरु चेक गरी जिम्मा लिनु पर्नेछ।

(३) हरेक (फोरम्यान) नाइकेले प्रयोग नभई आफूसँग बाँकी रहेको विस्फोटक पदार्थ आफूले प्राप्त गरेको म्यागजिनको इन्जार्चको जिम्मामा दिनुपर्छ र भोलिपल्ट म्यागजिन इन्चार्जले यसरी दिइएका विस्फोटक पदार्थलाई पहिले वितरण गर्नुपर्छ।

(४) हरेक इजाजतपत्रवाला धनी वा सञ्चालक वा (फोरम्यान) नाइकेले नियम ११ को उपनियम (३) मा उल्लेख भए बमोजिमको लगत राख्नु पर्छ। हरेक म्यागजिनकोलागि छुट्टाछुट्टै लगत राख्नु पर्छ। हरेक इजाजतपत्रवाला (फोरम्यान) नाइकेले आफ्नो इजाजतपत्रवाला मालिक छेउ वा विस्फोटक पदार्थ वितरण गर्ने जिम्मा लिएका आफ्नो मालिकको अरु इजाजतपत्रवाला (फोरम्यान) नाइकेछेउ लिखित दैनिक र मासिक प्रतिवेदन पेश गर्नु पर्छ।

(५) हरेक इजाजतपत्रवाला खानीको धनी वा सञ्चालकले प्रत्येक पटक (सिफ्ट) मा प्रत्येक कामदारले खानीभित्र लगेको र खानी बाहिर फिर्ता ल्याएको विस्फोटक पदार्थको यथार्थ लगत आफ्ना इजाजतपत्रवाला नाइके वा अन्य कुनै व्यक्तिद्वारा राख्नु राख्न लगाउनु पर्छ।

(६) विस्फोटक पदार्थ प्रयोग गर्ने उद्योगको मालिक वा सञ्चालकले यी नियमहरुको एकप्रति आफ्नो कार्यस्थलमा टाँसी राख्नु पर्छ र सो नियमहरु आफ्नो कामदारहरुको लागि उपलब्ध हुने गरी राख्नु पर्छ।

२२. **विस्फोटक पदार्थको पैठारीः** (१) विदेशबाट विस्फोटक पदार्थ पैठारी गर्न चाहने व्यक्तिहरुले सो चाहेको कुरा, त्यसको कारण र यस्ता पैठारी गर्न इच्छा गरिएका विस्फोटक पदार्थ कहाँ कुन ठाउँमा के कामको लागि चाहिएको हो, कुन कुन प्रकारका र कति कति मात्रामा झिकाउने हो र कुन मुलुकको कुन बिक्रेतासँग खरीद गरी कुन बाटोबाट कसरी ल्याउने हो र आफ्नो म्यागजिनमा थन्क्याई राख्ने हो वा कुनै सरकारी म्यागजिनमा थन्क्याई राख्ने भए कुन इलाकाको सरकारी म्यागजिनमा थन्क्याई राख्ने हो इत्यादिको विवरण समेत स्पष्ट खोली नेपाल सरकारको सम्बन्धित विभागमा विस्फोटक

पदार्थ पैठारी गर्न लाइसेन्सको लागि लिखित आवेदनपत्र दिनुपर्छ र त्यस्ता लिखित आवेदनपत्र परेपछि उक्त सम्बन्धित विभागले आवश्यक कारवाई गरिदिनेछ।

(२) कसैले कुनै विदेशी मुलुकबाट विस्फोटक पदार्थ पैठारी गर्दा सो मुलुकको अधिकृत विस्फोटक पदार्थ सम्बन्धी व्यापारीसँग मात्र खरीद गर्न सक्छ।

(३) पैठारी गरिएका विस्फोटक पदार्थ नेपालर⏭.......... को सीमानामा आइपुगेपछि पैठारी गर्न व्यक्ति वा उसको कुनै अधिकृत प्रतिनिधिले उक्त विस्फोटक पदार्थ बुझिलिई सबभन्दा नजिक पर्ने *जिल्ला प्रशासन कार्यालयमा समेत सूचना गर्नु पर्छ।

(४) भन्सारबाट छुटाइएको विस्फोटक पदार्थ पैठारी गर्ने व्यक्तिले सुरक्षासाथ आफ्नो कार्यस्थल वा अन्य स्टोरेज म्यागजिनमा लैजानु पर्छ।

२३. **भन्सार अड्डाको हाकिमको कर्तव्यः** भन्सार अड्डाबाट छुटाइएको सबै विस्फोटक पदार्थहरु सम्बन्धमा त्यस्तो वस्तुको मालधनीको नाम, थर, वतन र इजाजतपत्र नम्बर र त्यसको मिति समेत खुलेको विरण सम्बन्धित प्रमुख जिल्ला अधिकारी कहाँ र गृह मन्त्रालयमा महीना नाघेको तीन दिनभित्रसम्ममा भन्सारका हाकिमले पठाउनु पर्नेछ।

---

⏭ पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

दृष्टव्यः

१. स्थानीय प्रशासन ऐन,२०२२ द्वारा रुपान्तर भएका शब्दहरुः
   (क) "वडा हामीम वा मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश"।
   (ख) "वढी वा गोश्वारा" को सट्टा "अञ्चलाधीश कार्यालय"।
२. केही नेपाल कानून (संशोधन) ऐन,२०२४ द्वारा रुपान्तर भएका शब्दहरुः
   "पुलिस" "अफिस" र "रिपोर्ट" को सट्टा "प्रहरी"कार्यालय" र "प्रतिवेदन"।
३. सैनिक ऐन, २०४० द्वारा रुपान्तर भएका शब्दहरुः
   "शाही सेना" को सट्टा "शाही नेपाली सेना"।
४. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्धारा रुपान्तर भएका शब्दहरुः
   "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।
५. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः
   "शाही नेपाली सेना" को सट्टा "नेपाली सेना"।
६. पहिलो संशोधनद्वारा रुपान्तर भएका शब्दहरुः
   "स्थानीय अञ्चलाधीश" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित प्रमुख जिल्ला अधिकारी"।



नेपाल कानून आयोग

## अनुसूची —१

### (इजाजतपत्रको ढाँचा)

**विस्फोटक पदार्थ नियम, २०२० अन्तर्गत दिइएको इजाजतपत्र**

फोटो

...................

...................... अड्डा/विभाग इजाजतपत्र संख्या .......... इजाजतपत्रको किसिम.................मिति......................इजाजतपत्र

ठेगाना...................................

पेशा रोजगार............................

यो इजाजपत्र दिएको विस्फोटक पदार्थको प्रकार र परिमाण..................

यो इजाजतपत्र २०.................... मसान्तसम्म कायम रहनेछ ।

इजाजतपत्र दिने अधिकारीको नाम...........................

दर्जा.........................................

अड्डा/ विभागको नाम ..........................

इजाजतपत्र दिने अधिकारीको दस्तखत.........................................

इजाजतपत्रवालाको प्रति हस्ताक्षर

| यो इजाजतपत्रलाई देहाय बमोजिम रिन्यूवल गरिएको छ | रिन्यूवल गर्ने अधिकारीको नाम र दर्जा | रिन्यूवल गर्ने अधिकारीको दस्तखत | रिन्यूवल गर्ने अड्डा विभागको छाप |
|---|---|---|---|
| २०..........मसान्तसम्म<br>२०.........मसान्तसम्म | | | |

नेपाल कानून आयोग

# अनुसूची –२

## (इजाजतपत्रको प्रमाणित नक्कलको ढाँचा)

**<u>“विस्फोटक पदार्थ नियम, २०२० अन्तर्गत दिइएको इजाजतपत्र” प्रमाणित नक्कल</u>**

फोटो

....................

...................... अड्डा/विभाग इजाजतपत्र संख्या .......... इजाजतपत्रको किसिम.................मिति......................इजाजतपत्र

ठेगाना..................................

पेशा रोजगार...........................

यो इजाजपत्र दिएको विस्फोटक पदार्थको प्रकार र परिमाण.................

यो इजाजतपत्र २०.................... मसान्तसम्म कायम रहनेछ ।

इजाजतपत्र दिने अधिकारीको नाम..........................

दर्जा........................................

अड्डा/ विभागको नाम .........................

इजाजतपत्र दिने अधिकारीको दस्तखत.........................................

इजाजतपत्रवालाको प्रति हस्ताक्षर

| यो इजाजतपत्रलाई देहाय बमोजिम रिन्यूवल गरिएको छ | रिन्यूवल गर्ने अधिकारीको नाम र दर्जा | रिन्यूवल गर्ने अधिकारीको दस्तखत | रिन्यूवल गर्ने अड्डा विभागको छाप |
|---|---|---|---|
| २०..........मसान्तसम्म<br>२०.........मसान्तसम्म | | | |

नेपाल कानून आयोग

## अनुसूची—३

## <u>भरपाईको नमूना</u>

विस्फोटक पदार्थ बिक्रेताको नाम................

ठेगाना र इजाजतपत्रको प्रकार र नं. .................

ग्राहकको नाम, ठेगाना र इजाजतपत्रको प्रकार र नं. .................

ग्राहकले बिक्रेतासँग खरीद गरेको विस्फोटक पदार्थको.......................

| <u>किसिम</u> | <u>विवरण</u> | <u>परिमाण</u> |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

मिति | बिक्रेताको सही | ग्राहकको सही

नेपाल कानून आयोग

# अनुसूची–४

**(इजाजतपत्रको आवेदन पत्रको फाराम)**

दर्ता मिति................ मिति...........

सिलसिलेवार नम्बर

श्री........................

महोदय,

विस्फोटक पदार्थ नियम, २०२० बमोजिम चाहिने दस्तूर रु.२।— शामेल राखी निम्नलिखित चाहिने विवरणहरु खोली उत्पादन गर्ने (पैठारी गर्ने) (बिक्री गर्ने) (प्रयोग गर्ने नाइकेको) प्रयोगशालाको इजाजतपत्रको लागि दरखास्त गरेको छु / गरेका छौं ।

विवरणहरु

१. व्यक्ति वा कम्पनी वा कर्मको नाम...............................

२. व्यक्ति नागरिकता वा कम्पनी वा फर्म वा रजिष्टर्ड भएको मुलुक............

३. व्यक्ति वा कम्पनीको वा फर्मको ठेगाना..............................

४. व्यक्ति वा कम्पनी वा फर्मको पेशा रोजगार.......................

५. व्यक्तिको उमेर.................................

६. आफूलाई राम्ररी चिन्ने आफ्नो नातादार बाहेक अन्य कुनै दुई प्रतिष्ठित व्यक्तिहरुको नाम र पेशा रोजगार

(क)..................................................

(ख)..................................................

७ इजाजतपत्रको कारण ..................................

८. नयाँ इजाजतपत्र मागेको वा पुराना इजाजतपत्रको रिन्यूवल मागेको ...........

९. पहिले इजाजतपत्र लिइसकेको भए त्यसको किसिम, संख्या र मिति.............

१०. विस्फोटक पदार्थ थन्क्याई राख्न कहाँ के व्यवस्था गरेको छ .............

११. व्यवहार गर्न उम्मेद गरेको विस्फोटक पदार्थहरुको किसिम र अधिकतम परिमाण.........

१२. आवेदकले लेख्नु पर्ने वा लेख्न चाहेको अरु कुनै कुरा ....................................

आवेदक कुनै पार्टनरसिप, कम्पनी वा फर्म भए सो पार्टनरसिप वा कम्पनी वा फर्मको सबै तर बढीमा ५ जवानसम्म मुख्य पार्टनरहरु वा मुख्य सञ्चालकहरुले खण्ड १ देखि खण्ड ६ सम्मको व्यहोरा खुलाई दस्तखत गरेको कागजपत्र यसै आवेदन पत्रासाथ नत्थी गरी पेश गर्नुपर्छ।

उपरोक्त सबै व्यहोरा साँचो हो र झुट्ठा व्यहोरा लेखिदिएको ठहरे नेपाल कानून बमोजिम सहुँला बुझाउँला। नेपाल कानूनभित्र रही काम गर्न र अरु लेख्न परेमा लेख्नमा मञ्जुर छ।

निवेदक..............

सहिछाप ...............

नेपाल कानून आयोग

नेपाल कानून आयोग

# अनुसूची–५

## (इजाजतपत्र प्रमाणित नक्कलको लागि आवेदनपत्रको फाराम)

दर्ता मिति ............ मिति.................

सिलसिलेवार नम्बर.....................

श्री..............................

महोदय,

विस्फोटक पदार्थ नियम,२०२० बमोजिम मेरो, हाम्रो नाममा लिएको मिति ..........संख्या....को उत्पादन गर्ने, पैठारी गर्ने, बिक्री गर्ने, प्रयोग गर्ने नाइकेको, प्रयोगशालाका इजाजतपत्रको अन्तर्गत कामको सिलसिलामा उक्त इजाजतपत्रको प्रमाणित नक्कल प्रति................चाहिएकोले ...........प्रति नक्कलको रु.२।–का दरले लाग्ने जम्मा दस्तूर रु................. यसै साथ सामेल राखी आवेदनपत्र पेश गरेको छु, गरेका छौं।

निवेदक,

आवेदकको दस्तखत

(राम्रो बुझिने)

## अनुसूची—६

**(नियम १४ सँग सम्बन्धित)**

**स्थायी म्यागजिनको ढाँचा**

१. बनावटः भूमि सतह वा भूमि तल बनाइने कुनै पनि स्थायी म्यागजिन निम्न प्रकारहरुमध्ये हुनुपर्छः— विल्डिङ टाइप, इग्लु टाइप, पोर्टेबल टाइप, टनेल टाइप वा डगआउट टाइप।

२. भित्ता र पर्खालः विल्डिङ टाइपको म्यागजिनको भित्ताहरु चोरी तथा गोली नछेड्ने वस्तुहरुले ठोस किसिमसँग बनाइएको हुनुपर्छ। भित्ताहरु निम्न प्रकारको वा कमसेकम उत्तिकै चोरी तथा गोली नछेड्ने अरु कुनै वस्तुहरुद्वारा बनाइनु पर्छ।

(क) कमसेकम १५० मिलिमिटर बाक्लो कंक्रीट, पक्की इंट, ढुङ्गा वा काठको, वा

(ख) छानेको बालुवा, ब्रिक कंक्रीट, सिमेण्ट मोरटार वा अन्य उत्तिकै गोली नछेड्ने वस्तुले परेको कंक्रीट व्लकको, वा

(ग) कमसेकम १५० मिलिमिटर फासलामा राखेको दुइटा काठको पाताको बीचमा छानेको बालुवा र ब्रिक कंक्रीट, सिमेन्ट मोरटार वा अरु उत्तिकै गोली नछेड्ने वस्तुले भरी बाहिरी पातामा कमसेकम ०.४५७ मिलिमिटर (नं २६ गेज) बाक्लो सिट आइरन वा अरु आगोले नछुने वस्तुले छाएको (ढाकेको), वा

(घ) कमसेकम, २.०३२ मिलिमिटर (नं.१४ गेज) बाक्लो इस्पातको पाताको भित्रपट्टी कमसेकम ५० मिलिमिटर बाक्लो कडा काठ (हार्ड उड) वा कमसेकम ७५ मिलिमिटर बाक्लो नरम काठ (सफ्ट उड) वा कमसेकम १.५० मिलिमिटर बाक्लो ब्रिक कंक्रीट, सिमेण्ट मोरटार, इंट वा छानेको बालुवाले छाएको।

भुमि सतहमाथिको कुनै टनेल वा डगआउट टाइपको म्यागजिनलाई घेर्ने कृत्रिम परखालको नाम पनि माथि उल्लेख भए झै हुनुपर्छ। भूमिगतको स्थायी म्यागजिनलाई घेर्ने कुनै कृत्रिम परखाल पनि कमसेकम ५० मिलिमिटर बाक्लो काठ वा कमसेकम उत्तिकै बलियो अरु वस्तुको बनाउनु पर्छ।

३. जगः विल्डिङ्ग टाइपको म्यागजिनको जग बलियोसँग बनाइनु पर्छ र म्यागजिनको भुई र भुमि सतहको बीचको खाली ठाउँलाई कुनै मानिस, पशु पंक्षी, अगुल्टो वा कुनै अग्निकरण (स्पार्क) झिल्का इत्यादि पस्न नसक्ने गरी ढाकेको हुनुपर्छ।

४. <u>छाना:</u> बिल्डिङ टाइपको म्यागजिनको छाना आगोले नछुने तथा चोरी हुन नसक्ने हुनुपर्छ जस्तै कि सिट आइरन वा स्लेटले ढाकेको १८.०५ मिलिमिटर सिंदिङद्वारा आगोले नछुने वस्तुले बनाएको छाना कमसेकम ०.४५७ मिलिमटर (नं.२६ गेज) बाक्लो सिट आइरन वा अरु आगोले नछुने वस्तुले ढाकेको हुनुपर्छ। छाना बाट सोझै विस्फोटक पदार्थमा गोली हान्न सकिने गरी राखिएको म्यागजिनको छानालाई गोली नछेड्ने वस्तुको छाना हाली वा म्यागजिन भित्रको सिलिङमा कमसेकम १०० मिलिमिटर बाक्लो बालुवा वा अन्य उत्तिकै गोली नछेड्ने वस्तुको छत्र राखी वा अन्य कुनै तरीकाले गोली नछेड्ने बनाइनु पर्छ।

५. <u>ढोका:</u> भूमि सतहमा बनाइएका म्यागजिनका ढोकाहरु निम्न नाप बमोजिमको बनाइनु पर्छः—

(क) कमसेकम १५० मिलिमिटर बाक्लो काठको, वा

(ख) कमसेकम १०० मिलिमिटर बाक्लो रिइनफोर्सड कंक्रीटको वा

(ग) ५० मिलिमिटर बाक्लो काठको लाइनिङ्गसहितको ९ मिलिमिटर बाक्लो इस्पातको वा ९ मिलिमिटर भन्दा पातलो इस्पातको बनाउने भए इस्पातको हरेक ३ मिलिमिटर घटी गरेको २५ मिलिमिटरका दरले काठको मोटाई बढाई, वा

(घ) कमसेकम १०० मिलिमिटरको फासलामा राखेको काठको पाताको बीचमा छानेका बालुवा वा अरु त्यस्तै गोली नछेड्ने वस्तुले भरी बाहिर कमसेकम ०.४५७ मिलिमिटर (नं .२६ गेज) बाक्लो फलामको पाता वा अरु कुनै आगोले नछुने वस्तुले ढाकेको।

जमीन मुनि बनाइएका म्यागजिनका ढोकाहरु कमसेकम ५० मिलिमिटर बाक्लो काठ वा उत्तिकै त्यस भन्दा अधिक बलियो अन्य कुनै वस्तुले ठोस किसिमसँग बनाइनु पर्छ।

स्थायी म्यागजिनको ढोकामा निम्न बमोजिमको ताला लगाइनु पर्छः—

(क) दुईटा भोटे ताल्चा, वा

(ख) छुट्टै अन्तरापमा लगाइएका दुइटा पांग्रे ताल्चा, वा

(ग) एउटा भोटे ताल्चा र एउटा पांग्रे ताल्चा, वा

(घ) दुईटा साँचोले खोल्नुपर्ने एउटा भोटे ताल्चा ।

पांग्रे ताल्चा र भोटे ताल्चाहरु बहुतै मजबूत हुनुपर्छ। ढोकामा राखिने कब्जा, अन्तराप इत्यादि बलियो हुनुपर्छ र ताला लगाएपछि त्यसको कुनै पेच, वासर (नट) बोल्ट इत्यादि बाहिरबाट खोल्न नसकिने गरी लगाएको हुनुपर्छ।

म्यागजिनका प्रवेशद्वार र हावाद्वारा बाहेक अरु कुनै प्रकारको खुला प्वाल हुनु हुँदैन। जगको प्वाल (फाउण्डेशन मेण्ट) छेर्की किसिमको (अफसेट टाइप) हुनुपर्छ र सबै प्वालहरुलाई धातुको बलियो जाली राखी वा अन्य कुनै प्रकारको बनावटबाट मानिस, पशु, पंक्षी आगो, झिल्का इत्यादि पस्न नसक्ने म्यागजिन भित्र राखेको विस्फोटक पदार्थलाई विस्फोटक गर्न सक्ने कुनै गोली समेत सोझै छिर्न नसकिने गरी बनाइनु पर्छ।

भूमिमाथिका कुनै स्थायी म्यागजिन वा त्यसको बाहिरी परखालमा राखिने कुनै पनि सङ्केत पाटी यस्तो प्रकारले राख्नु पर्छ कि त्यस पाटीका मुखबाट छिरी जाने कुनै पनि गोलीले म्यागजिनमा पर्न नसकिने होस्।

नेपाल कानून आयोग

## अनुसूची–७

**(नियम १४(२) सँग सम्बन्धित)**

**<u>बक्स टाइप म्यागजिनको ढाँचा</u>**

बनावटः बक्स टाइप म्यागजिनहरु ५० मिलिमिटर बाक्लो काठमा वा ७५ मिलिमिटर बाक्लो नरम काठ वा उत्तिकै चोरी हुन नसक्ने अरु वस्तुले बनाइएको हुनुपर्छ। धातुले बनेको म्यागजिन भए त्यसभित्र कुनै झिल्का पैदा नगर्ने वस्तुको (नन्स्पार्कलिगङ मेटेरियल) लाइनिगङ लागउनु पर्छ। त्यस्तो म्यागजिनको ढोका वा ढक्कनमा (लिड) बलियो कव्जा र अन्तरापहरु यस्तो किसिमबाट लागएको हुनुपर्छ कि त्यसमा ताला लगाएपछि ती अन्तरापका कव्जाहरु बाहिरबाट खोल्न वा झिक्न नसकिने होस्। बक्स टाइप म्यागजिनमा कमसेकम एउटा बहुतै मजबूत ताला लगाउनु पर्छ।

घर बाहिर स्थापना गरिने कुनै पनि बक्स टाइप म्यागजिनलाई उठाई लैजान नसकिने गरी अंकुश लगाई बाँधी राख्नुपर्छ।

तेल, ग्रीज,पेट्रोल डिजेल पुरानो कपडा वा अन्य कुनै छिटो आगो लाग्न सक्ने वस्तुहरु भएको घरमा बक्स टाइप म्यागजिनलाई राख्नु हुन्न।

बक्स टाइप म्यागजिनलाई कुनै स्टोभ, भट्टी वा खुला आगो वा ज्वालाबाट कमसेकम ६.२५ मिटर र अन्य कुनै बाह्य तापको स्रोतबाट कमसेकमा १.६ मिटर टाढा राख्नु पर्छ। बक्स टाइप म्यागजिनलाई रातो वा अरु कुनै रंग लगाई "विस्फोटक" भनी स्पष्ट लेखेको हुनुपर्छ।